**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 14.12.2024**

- **Chasok Tongnam Saramsa**

पाकिम जिल्लाअन्तर्गत रानीपुल नजिक सरमसा उद्यानमा आज लिम्बू समुदायको पर्व चासोक तोङनाम राज्य स्तरीयरूपमा पालन गरियो। कार्यक्रममा मुख्य अतिथिका रूपमा उपस्थित मुख्यमन्त्री प्रेमसिंह तामाङले लिम्बू समुदायको सांस्कृतिक र आध्यात्मिक रूपमा महत्त्व बोकेको स्थल सिरिजङ्घा झरना र पवित्र गुफालाई प्रस्तावित वैकल्पिक मार्गको माध्यमबाट संरक्षित गर्नमा रहेको सरकारको प्रयासमाथि जोड़ दिनुभयो। उहाँले सरकारद्वारा धार्मिक र सामाजिक संस्थाहरूलाई प्रदान गरेको अटुट सहयोगमाथि प्रकाश पार्दै यसलाई जारी राख्ने सरकारको प्रतिबद्धता पुन: दोहोऱ्याउनुभयो। उहाँले आफ्नो जातिय नृत्य प्रस्तुत गर्दा, आफ्नो भाषा बोल्दा लजाउनु हुँदैन भन्दै सबैसित आफ्नो संस्कृति र परम्पराको संरक्षण गर्ने आग्रह गर्नुभयो। श्री तामाङले वचन दिँदै भन्नुभयो, लिम्बू भाषामा अनुसन्धान गर्ने विद्यार्थीहरूलाई सरकारको तर्फबाट सबै प्रकारको सहयोग प्रदान गरिनेछ। मुख्यमन्त्रीले गेजिङ जिल्लाको दरापमा रहेको युमा माङहिमको बारेमा सबैलाई अवगत गराउँदै राज्यभरिका विभिन्न स्थानमा यस्तै प्रकारका माङहिम निर्माण गर्ने सरकारको योजना रहेको जानकारी गराउनुभयो। कार्यक्रममा INGSA-को तीर्पन्नौं र चौवन्नौं संस्करणको विमोचन गरेपछि खुशी व्यक्त गर्दै उहाँले सबैसित परिवर्तनशील समयको मागअनुरूप आफ्नो समृद्ध सांस्कृतिक सम्पदालाई सक्रिय रूपमा सुरक्षित र संरक्षित गर्ने आग्रह गर्नुभयो। कार्यक्रममा अन्य बाहेक सिक्किम विधानसभा अध्यक्ष, उपाध्यक्ष, मन्त्रीगण, लोकसभा सांसद र विधायकगणको उपस्थिति थियो।

---------------------------------------X---------------------------------------

- **CM Launched NPHCE**

यसअघि बिहान मुख्यमन्त्री श्री तामाङले वृद्ध-वृद्धाहरूको स्वास्थ्य हेरचाहका निम्ति राष्ट्रिय कार्यक्रमको शुरूवात गर्नुभयो। मुख्यमन्त्रीको सरकारी निवास मिन्तोकगाङमा सम्पन्न यस कार्यक्रम अवधि स्वास्थ्य मन्त्री श्री GT ढुङ्गेल विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको लक्ष्य वरिष्ठ नागरिक र सेवानिवृत्त व्यक्तिहरूका लागि सुलभ, उच्च गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध गराएर सक्रिय र स्वस्थ वृद्धावस्थालाई प्राथमिकता दिनु हो। यस कार्यक्रमअन्तर्गतका मुख्य पहलहरूमा STNM अस्पतालमा वृद्ध-वृद्धाहरूका निम्ति बीसवटा पलङयुक्त चिकित्सा वार्ड र सबै जिल्ला अस्पतालहरूमा दशवटा पलङयुक्त वार्डहरू, विशेष OPD-को उपलब्धतासहित चश्मा, श्रवण उपकरण र बैसाखी जस्ता सामग्रीहरूको वितरण समावेश छ। कार्यक्रममा वृद्धावस्था हेरचाहका निम्ति स्वास्थ्य सेवा व्यवसायीहरूलाई प्रशिक्षित गर्नु, स्वास्थ्य शिविर आयोजन गर्नु र घर-आधारित हेरचाह अनि टेली-परामर्श सेवा प्रदान गर्नमाथि पनि ध्यान केन्द्रित गरिएको छ। सामुदायिक सचेतना र हेरचाहकर्तालाई प्रशिक्षण प्रदान गर्नु, स्वस्थ वृद्धावस्थालाई प्राथमिकता दिने अभिन्न अङ्ग हो। मुख्यमन्त्रीले भन्नुभएको छ, यस पहलले सिक्किमका वृद्ध-वृद्धा र सेवानिवृत्त मानिसहरूको आवश्यकता पूरा गर्नका लागि समग्र दृष्टिकोण सुनिश्चित गर्दछ, ताकि उनीहरूले अधिक स्वस्थ, खुशी र अधिक सन्तुष्ट जीवन जिउन सकुन्।

---------------------------------------X---------------------------------------

- **LS Constitution Discussion**

लोकसभामा संविधानको पचतर वर्षको गौरवशाली यात्रामाथि विशेष चर्चा हिजोदेखि शुरू भएको छ। आज दोस्रो दिन चर्चाअवधि संसदीय कार्य मन्त्री श्री किरेन रिजिजूले संविधान निर्माणमा डाक्टर भीम राव अम्बेडकरको योगदानको सराहना गर्नुभयो। उहाँले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले संविधानको भावनाअनुरूप सबैको साथ, सबैको विकास, सबैको विश्वास र सबैको प्रयासको मन्त्रका साथ काम गरिरहनुभएको छ। उहाँले भन्नुभयो, देशले स्वतन्त्रता पछिदेखि नै सबैका लागि समान अधिकार सुनिश्चित गरेको छ। श्री रिजिजुले देशमा अल्पसंख्यकहरूसित कुनै भेदभाव नभएको अनि भारतमा अल्पसंख्यकहरूलाई कानूनी संरक्षण प्राप्त भइरहेको कुरामाथि जोड़ दिनुभयो। श्री रिजिजूले 2014-मा NDA सरकार सत्तामा आएपछि पूर्वोत्तरमा भएको विकासबारे उजागर गर्दै यसका केही आंकड़ा पनि साझा गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Coordination Meeting**

राज्य स्तरीय तमु लोछार उत्सवलाई लिएर पारखामा आज पहिलो समन्वय बैठक बस्यो। यस वर्षको राज्य स्तरीय उत्सव नाथाङ-माछोङ समष्ठिको पारखामा सम्पन्न हुनेछ। मन्त्री श्री पुरण गुरूङको अध्यक्षतामा बसेको बैठकमा अन्य बाहेक क्षेत्र विधायक श्रीमती पामिन लेप्चा, सिक्किम राज्य ब्याङ्क (SBS)-का अध्यक्ष श्री DB गुरूङ र आयोजक समितिका सदस्यहरूको उपस्थित थिए। उत्सव आयोजक समितिका कोषाध्यक्ष श्री खड्क बहादुर गुरूङले वित्तीय प्रतिवेदन प्रस्तुत गरेपछि आफ्नो कुरा राख्ने क्रममा विधायक श्रीमती लेप्चाले कार्यक्रमलाई सफल तुल्याउनका निम्ति आवश्यक विभिन्न सुझाउहरू राख्नुभयो। बैठकपछि सभाध्यक्ष मन्त्री श्री गुरूङ लगायत अन्यद्वारा कार्यक्रम आयोजन स्थलको निरीक्षण गरियो।

---------------------------------------X---------------------------------------

- **Cleanliness Drive**

नाम्ची जिल्लाको अखिल सिक्किम सरकारी चालक संगठनले स्वेच्छिक सफाई अभियानको आयोजना गऱ्यो। जिल्ला वन परिसरमा आज सम्पन्न अभियानको उद्देश्य नाम्ची वरपरको पर्यावरण शुद्ध अनि स्वच्छ राख्नु रहेको थियो।

---------------------------------------X---------------------------------------

**District Level Olympic**

मंगन जिल्लाको मंगन वरिष्ठ माध्यमिक विद्यालयमा जिल्ला स्तरीय विशेष ओलम्पिक खेलकुद 2024 सम्पन्न भयो। यस आयोजनाको उद्देश्य दिव्याङ्गजनहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न, विभिन्न खेलकुदमा भाग लिन र समुदायमा समावेशितालाई प्राथमिकता दिन एउटा मञ्च प्रदान गर्नु हो। मंगनका जिल्ला अध्यक्ष श्री कादो लेप्चाको विशेष उपस्थितिमा आज सम्पन्न कार्यक्रमको आयोजना विशेष ओलम्पिक भारत, सिक्किम च्याप्टरले शिक्षा र खेलकुद एवं युवा मामिला विभागसितको सहकार्यमा गरेको हो।

---------------------------------------X---------------------------------------